सामुदायिक सेवा आदेश (CSO) योजना

- सेवा विवरण

सामुदायिक सेवा आदेश अध्यादेश, क्याप ३७८ अनुसारको सामुदायिक सेवा आदेश (CSO) एउटा समुदायमा आधारित सजाय सुनवाइको वैकल्पिक योजना हो। कारावासको सजायोग्य कुनै अपराधका सिलसिलामा दोषी ठहराइएका १४ या सोभन्दा बढी उमेरका व्यक्तिलाई १२ महिनाको अवधिभरिमा अपारधीलाई परामर्श तथा मार्गदर्शण पनि प्रदान गर्ने एकजना परीक्षावधि अधिकारी [PO(CSO)] का सुपरिवेक्षणमा २४० घण्टाभन्दा बढी नहुने गरी अवैतनिक रुपमा काम गर्ने आदेश गर्न सक्नेछ।

- उद्देश्यहरू

CSO दुवै पुनर्स्थापनामुलक तथा क्षतिपूरक बन्ने लक्ष राख्दछ। आदेशअनुसार समुदायमा आफुहरूले पुर्‍याएको क्षतिको पूरणको रुपमा अपराधीहरूले आफ्ना फुर्सतका समयमा सामुदायिक कार्यहरू गर्नुपर्ने हुन्छ। सामुदायिक सेवा तथा परीक्षावधि अधिकारीका मार्गनिर्देशका माध्यमबाट अपराधीहरूलाई सुध्रिनमा सहायता पुग्छ। CSO को मुख्य उद्देश्यहरूमा देहायअनुसार पर्दछन्

(a) पुनर्स्थापना

रचनात्मक कार्य/सेवा तथा परीक्षावधि अधिकारी [POs(CSO)] का मार्गनिर्देशका माध्यमबाट अपराधीहरूलाई नियमहरूको पालना गर्न, आत्मउत्थानका लागि जिम्मेवारीहरू वहन गर्न, विचारधाराहरू विस्त्रित पार्न, आत्म सम्मानको गहन भावनाको विकास गर्न, जीवन निर्वाह गर्ने बढी रचनात्मक मार्गको विकास गर्न तथा अरु अपराध गर्नबाट टाडा रहन मद्दत गरिन्छ।

(b) रचनात्मक संचालन

अपराधीहरूलाई आफ्ना विद्यालय/रोजगार तथा धार्मिक कृयाकलापप्रति न्युनतम खलबली हुने गरी समुदायमा बस्न दिइन्छ।

(c) क्षतिपुरण

अपराधीहरूलाई अवैतनिक सेवाद्वारा आफुले हानि पहुँचाएको समुदायमा फाइदा पुर्‍याउने मौका प्रदान गरिन्छ।

- सेवाको किसिम

(a) अदालतको तामेल गर्दा, POs(CSO) हरूले अपराधीहरूका पुनर्स्थापनाका लागि सामुदायिक सेवा आदेशका लागि योग्यता प्रतिवेदन तथा परीक्षावधि अधिकारीका प्रतिवेदन लगायतका सुनवाइपूर्वका प्रतिवेदनहरू तयार गर्नेछन्।

(b) आदेशमा राखिएका अपराधीहरूका लागि POs(CSO) ले व्यक्तिगत मार्गनिर्देशन तथा वैधानिक सुपरिवेक्षण प्रदान गर्नेछन्।

(c) अपराधीहरूका लागि POs(CSO) ले अवैतनिक कामको व्यवस्था गर्नेछन्, साथै स्थल सुपरिवेक्षकले कार्यस्थलमा गर्ने विभिन्न कामका लागि उनीहरूलाई प्राविधिक निर्देशनहरू, अन-द-स्पट सुपरिवेक्षण तथा

व्यावहारिक मार्गनिर्देश प्रदान गरेर सुपरिवेक्षण गर्नेछन्।

- लक्षित समूह

लक्षित समूह भनेका देहायबमोजिमका अपराधीहरू हुन्-

(a) सामाजिक जाँचबूझका लागि अदालतद्वारा पठाइएका; तथा

(b) CSO अन्तर्गत राखिन अदालतद्वारा आदेश गरिइएका।

- सामुदायिक सेवा आदेश कार्यालयको ठेगाना र फोन नम्बर

Room 813, 8/F., Sha Tin Government Offices,
1 Sheung Wo Che Road, Shatin, New Territories.
टेलिफोन नम्बरः २१५८ ६५४७
फ्याक्स नम्बरः २६०९ ४१७८

- कार्यालय समय

(सोमबार देखि शुक्रबार): बिहान ८: ४५ देखि बेलुका ६:०० बजे
शनिबार, आइतबार तथा सार्वजनिक विदाहरूमा बन्द रहनेछ